# पर्यटक प्रवेश सेवा शुल्क उठाउने सम्बन्धी वोलपत्र आह्वानको सूचना

**आय ठेक्का नं. ५-०७५/७६**

**(प्रथम पटक प्रकाशित मितिः २०७५/०४/०१)**

यस मण्डनदेउपुर नगरपालिकाको तेस्रो नगर सभामा स्वीकृत दररेट र नगर कार्यपालिकाको मिति २०७५ जेठ २७ गतेको निर्णयानुसार आ.व. २०७५/०७६ का लागि यस नगरपालिका अन्तर्गत नगरकोट क्षेत्रका काभ्रेचोक, भ्यूटावर चोक र कात्तिके क्षेत्रमा आउने विदेशी पर्यटकहरुसँग सार्क राष्ट्र बाहेकका विदेशी प्रति पर्यटक ने.रु. ३०० ।- (तीन सय) (मूल्य अभिवृद्धि कर बाहेक) र नेपाल बाहेकका सार्क राष्ट्र भित्रका पर्यटकहरुसँग ने.रु. २०० ।- (दुई सय) (मू.अ.क. बाहेक) पर्यटक प्रवेश सेवा शुल्क उठाउने कार्य ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीबाट रितपूर्वक शिलबन्दी वोलपत्र आह्वान गरिएको छ ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस नगरपालिकाको कार्यालयबाट रु ३,००० ।- (अक्षरेपी तीन हजार मात्र) (पछि फिर्ता नहुनेगरी) नगदै तिरी फर्म वा कम्पनी दर्ता र कर चुक्ताको प्रमाणित प्रतिलिपी सहित वोलपत्र फारम खरिद गर्न सकिने छ । रितपूर्वक खरिद गरिएको वोलपत्र ३१ औं दिनको १२:०० बजेसम्म आवश्यक कागजात सहित दर्ता गरी सक्नु पर्नेछ । रितपूर्वक दर्ता भएका वोलपत्रहरु सोही दिन दिनको २:०० बजे वोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा नगरपालिकाको कार्यालयमा खोलिने छ । वोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट सोही समयमा तोकिए अनुसार कार्य सम्पन्न हनेछ । शर्त राखि पेश भएका वोलपत्रहरु मान्य हुने छैन । सो ठेक्काको न्यूनतम अंक रु १,००,००,००० ।- (एक करोड) (मू.अ.क. र सेवा शुल्क बाहेक) कायम गरिएको छ । ठेक्का सम्बन्धी सम्पूर्ण जानकारी र शर्तहरु यस नगरपालिकाको website: mandandeupurmun.gov.np मा राखिएको छ तथा सूचना पाटीमा समेत टाँस गरिएको छ । साथै विस्तृत जानकारीको लागि मण्डनदेउपुर नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

९ यस न.पा. को तेस्रो नगर सभा वाट सम्पति कर लिने वारे नीति कार्यक्रम तथा आर्थिक ऐन, पारीत भएकोले सो बमोजिमको तयारी भैरहेको हुँदा गत वर्षको वाँकि वक्यौता वाहेक आ.व. ०७५ / ०७६ को मालपोत कर हाललाइ नलिने।